# स्थानीय राजपत्र

**याङ्वरक गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६)  थर्पु, पाँचथर  १४ चैत्र, २०७९ साल  (संख्या १५**

# भाग १

## याङ्वरक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङ्वरक गाउँ कार्यपालिका, गाउँसभाको मिति २०७९/१२/११ गते सम्पन्न बाह्रौं अधिवेशनको दोस्रो बैठकले पारित गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**संवत २०७९ सालको ऐन संख्या-६**

### याङ्वरक गाउँपालिकाको कर्मचारी प्रोत्साहन ऐन, २०७९

**प्रस्तावना:** संविधान तथा अन्य कानूनले प्रदान गरेको स्थानीय तहको एकल तथा संयुक्त अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सवल, सक्षम तथा समृद्द स्थानीय तहको रुपमा याङ्वरक गाउँपालिकालाई विकास गर्न याङ्वरक गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुले दक्षतापुर्ण, प्रभावकारी एवम् जवाफदेही तरिकाले अतिरिक्त समय दिई, ज्ञान, अनुभव एवं सीपको कुशलतापुर्वक प्रयोग गरी, समयमा नै गुणस्तरयुक्त योजना/कार्यक्रम कार्यान्वयन गरी, क्षमता र बौद्धिकताको अधिकतम प्रयोग गरी, नविनतम एवम् वैज्ञानिक कार्यसम्पादनका उपकरणहरुको प्रयोग गरी, आचारसंहिता एवम् अनुशासनको पुर्ण रुपमा पालना गरी, सेवाग्राही मैत्री - नतिजा उन्मुख सेवा प्रवाह गर्नु पर्ने र सो कार्यको

लागि कर्मचारीहरुलाई प्रोत्साहित गरी उत्प्रेरित तथा उत्साहित बनाई कार्यसम्पादन गर्ने बातावरण सिर्जना गर्नु पर्ने साथै त्यसरी कार्यसम्पादन गरे बापत कर्मचारीहरुलाई प्रोत्साहन गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम याङवरक गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "याङवरक गाउँपालिकाको कर्मचारी प्रोत्साहन ऐन,२०७९" रहनेछ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'गाउँपालिका' भन्नाले याङवरक गाउँपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले याङवरक गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले याङवरक गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ। साथै सो शब्दले वडा कार्यालय, स्वास्थ्य चौकीलाई समेत जनाउनेछ।

(घ) 'अध्यक्ष' भन्नाले याङवरक गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ङ) 'उपाध्यक्ष' भन्नाले याङवरक गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले याङवरक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(छ) 'कर्मचारी' भन्नाले याङवरक गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकीमा कार्यरत दरबन्दी संरचना भित्रका स्थायी तथा करारमा कार्यरत कर्मचारीलाई जनाउँछ।

(ज) 'थप सेवा सुविधा' भन्नाले यस ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमावली, कार्यविधिमा उल्लेखित तथा व्यवस्थित गरिएको बिभिन्न प्रकारको मौद्रिक, गैर मौद्रिक थप सेवा सुविधा सम्झनु पर्छ।

(झ) 'प्रोत्साहन भत्ता' भन्नाले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियामवली, कार्यविधिमा उल्लेखित तथा व्यवस्थित गरिएको सूचक तथा दरको आधारमा उपलब्ध गराइएको कार्यसम्पादन मूल्याङ्कनमा आधारित प्रोत्साहन भत्ता सम्झनु पर्छ।

(ञ) 'समिति' भन्नाले दफा २ बमोजिमको याङवरक गाउँपालिकाको 'कर्मचारी प्रोत्साहन परामर्श तथा सिफारिश समिति' सम्झनु पर्छ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐनको अधिनमना रही गाउँपालिकाले निर्माण गरेको नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डलाई सम्झनु पर्छ।

(ठ) 'स्थानीय सरकार' भन्नाले याङवरक गाउँपालिका सम्झनु पर्छ।

## परिच्छेद-२
## समिति गठन तथा काम, कर्तव्य र अधिकार

**३. समिति गठन:**

(१) याङवरक गाउँपालिकामा कार्यरत कर्मचारीहरुको वृत्ती विकास, दक्षता पुर्ण उपयोग तथा कुशल एवं प्रभावकारी कार्यसम्पादनको मूल्याङ्कन गरी कर्मचारीहरुको थप सेवा सुविधा सम्बन्धमा कार्यपालिकालाई सिफारिश गर्ने गरी देहाय बमोजिमको 'कर्मचारी प्रोत्साहन परामर्श तथा सिफारिश समिति'को गठन हुनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) गाउँपालिकाको संस्थागत विकास, सेवा प्रवाह र सुशासन समितिको संयोजक - सदस्य

(ग) गाउँपालिका अध्यक्षले तोकेको एक जना महिला कार्यपालिका सदस्य - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

(२) उपदफा १ बमोजिमको समितिको बैठकमा आबश्यकता अनुसार विषय विज्ञ पदाधिकारी तथा कर्मचारीहरुलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

**४. समितिको काम, कर्तव्य, अधिकार एवम् अन्य व्यवस्था:**

(१) दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार यस ऐनमा अन्यत्र उल्लेख गरेकोमा सोही बमोजिम र सो को अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) कर्मचारीको प्रशासनिक क्षमताको विकास तथा उपयोग मार्फत गाउँपालिकाको सेवा प्रवाहको प्रभावकारिता सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति, रणनीति, योजना, कार्यक्रम तथा बजेटको व्यवस्थापन सम्बन्धमा कार्यपालिकालाई सिफारिश गर्ने,

(ख) कर्मचारीको थप सेवा सुविधा तथा प्रोत्साहन भत्ताको आधार तथा सूचकहरुको बारेमा नविनतम, यथार्थपरक र वैज्ञानिक रुपमा अध्ययन तथा परामर्श गरी त्यस्ता थप सेवा सुविधा, प्रोत्साहन भत्ताको दर, आधार, सूचक र स्रोत निर्धारण गर्ने,

(ग) कर्मचारीहरुलाई थप सेवा सुविधा तथा प्रोत्साहन भत्ता उपलब्ध गराउँदा गाउँपालिकाको सेवा प्रवाहको प्रभावकारिता, द्रुतता, विश्वसनियता बढे नबढेको बारेमा बार्षिक रुपमा अध्ययन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

(घ) कर्मचारीहरुलाई थप सेवा सुविधा तथा प्रोत्साहन भत्ता उपलब्ध गराउन आबश्यक वित्तीय व्यवस्थाको स्रोत, आधार तथा अनुमानित खर्चको प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने,

(ङ) समितिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

(२) समितिको बैठक तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३
## थप सेवा सुविधा तथा प्रोत्साहन भत्ता

**५. मौद्रिक सेवा सुविधा:**

(१) गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित एवम् उत्साहित बनाई कार्यसम्पादनमा प्रभावकारिता, द्रुतता कायम गर्न खाइपाई आएको तलबभत्ताको अतिरिक्त देहाय अनुसारको मौद्रिक सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(क) संचार खर्च
(ख) इन्धन खर्च
(ग) सवारी साधन मर्मत खर्च
(घ) बैठक भत्ता
(ङ) बिमा खर्च
(च) दुर्घटना विमाको व्यवस्था
(छ) फिल्ड भत्ता
(ज) अतिरिक्त सुविधा
(झ) उपदान
(ञ) तोकिए बमोजिमको अन्य सेवा सुविधा

(२) उपदफा १ बमोजिमको मौद्रिक सेवा सुविधाको दर, आधार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. गैर मौद्रिक सेवा सुविधा:**

(१) गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई गाउँपालिका प्रति अपनत्वको भावना सिर्जना गराउँदै सुरक्षा, उत्प्रेरणा, उच्च मनोबल कायम गर्न देहाय बमोजिमको गैर मौद्रिक सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(क) आवासको व्यवस्था
(ख) सवारी साधनको व्यवस्था
(ग) तालिमको अवसर
(घ) अध्ययन तथा अनुसन्धानको अवसर
(ङ) अन्तर स्थानीय तह अनुभव, आदान - प्रदान
(च) सुरक्षित एवम् भेदभाव रहितको कार्यवातावरण
(छ) तोकिए बमोजिमको अन्य सुविधा

(२) उपदफा १ बमोजिमको सुविधाको दर, आधार, वित्तीय स्रोत लगायत अन्य विषय तोकिए बमोजिम हुनेछ।

**७. कार्यसम्पादन मूल्याङ्कनमा आधारित प्रोत्साहन भत्ता:**

(१) कर्मचारीहरुलाई कार्यालयको आबश्यकता, राजश्वको क्षमता, कार्यसम्पादनको प्रभावकारितालाई मध्यनजर गरी खाईपाई आएको तलबभत्ता, थप सेवा सुविधाको अतिरिक्त कार्यसम्पादन मूल्याङ्कनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

(२) उपदफा १ बमोजिम उपलब्ध गराइने भत्ताको दर, सूचक, आधार, स्रोत, बजेट तथा सोको प्रभावकारिता तथा अन्य विषय तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## वित्तीय व्यवस्था

**८. बजेटको व्यवस्था गर्नु पर्ने:**

(१) यस ऐनको दफा ५, ६ र ७ बमोजिम उपलब्ध गराइने थप सेवा सुविधा तथा प्रोत्साहन भत्ताको लागि गाउँपालिकाले हरेक वर्ष सभाबाट आबश्यक बजेटको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम विनियोजन गरिने बजेटको अधिकतम सीमा, स्रोत तथा अनुमानित प्रक्षेपण सहितको प्रतिवेदन समितिले बजेट तर्जुमाको चरणमा नै गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्नु पर्नेछ।

**९. वजेटको स्रोत तथा शिर्षक:**

(१) यस ऐन बमोजिम उपलब्ध गराइने मौद्रिक सेवा सुविधा तथा प्रोत्साहन भत्ताको हकमा गाउँपालिकाको आन्तरिक राजश्वबाट मात्र खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरेको भएता पनि प्रोत्साहन भत्ता उपलब्ध गराउँदा कर्मचारीको कार्यसम्पादनमा शिघ्रता आई गाउँपालिकाले विनियोजन गरेको योजना कार्यक्रम कार्ययोजना अनुसार सम्पन्न हुँदै गरेको, नागरिकको सन्तुष्टीमा बृद्दि भएको, बिगतको आ.ब. को भन्दा बेरुजु कम आएको, LISA र FRRAP को अंक बढेको जस्ता आधार र तथ्यको आधारमा दफा ३ बमोजिमको समितिले सिफारिश गरेमा गाउँपालिकाले संघ तथा प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँडको शिर्षकबाट समेत अपुग बजेट ब्यबस्थापन गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम उपलब्ध गराइने सेवा सुविधा तथा प्रोत्साहन भत्ताको लागि शिर्षकगत रुपमा (मौद्रिक सेवा सुविधा, गैर मौद्रिक सेवा सुविधा, प्रोत्साहन भत्ता

आवश्यकता अनुसार चालु तथा पुँजिगत रुपमा आवश्यक बजेट विनियोजन गर्नु पर्नेछ।

**१०. बित्तीय व्यवस्था सम्बन्धि अन्य कुराहरु तोकिए बमोजिम हुनेछ।**

## परिच्छेद-४
## विविध

**११. प्रतिवेदन पेश गर्नु पर्ने:**

(१) यस ऐन बमोजिम उपलब्ध गराइने उसेवा सुविधा तथा प्रोत्साहन भत्ताको वित्तीय तथा प्रशासनिक प्रगति समितिले चौमासिक रुपमा कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(२) प्रतिवेदन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१२. सूचना प्रविधि (सफ्टवेयर) को प्रयोग गर्न सकिने:**

(१) कार्यालयले यस ऐन बमोजिम कर्मचारीहरुलाई प्रोत्साहन गर्न बिभिन्न सूचक, सो को आधार तथा प्रकृयाको निर्धारण गरी आबश्यक सूचना प्रविधि (सफ्टवेयर) को प्रयोग मार्फत कर्मचारीहरुको कार्यसम्पादनको मूल्याङ्कन गर्न सक्नेछ।

(२) यस दफाको प्रयोजनको लागि कार्यालयले निर्माण तथा सञ्चालन गर्ने सूचना प्रविधि (सफ्टवेयर) को प्रयोग तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३. सजाय र कारवाही:**

(१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नको लागि कार्यपालिकामा पेश गर्नेछ।

(क) लगातार तिन महिना सम्म पनि कार्यसम्पादन सूचकमा शुन्य अंक प्राप्त गर्ने कर्मचारीहरुलाई निजले हाल सम्म लिनु भएको मौद्रिक सेवा सुविधा तथा प्रोत्साहन भत्ताको २५% रकम गाउँपालिकामा फिर्ता गर्नु पर्नेछ।

(ख) लगातार पाँच महिना सम्म पनि कार्यसम्पादन सूचकमा शुन्य अंक प्राप्त गर्ने कर्मचारीहरुलाई निजले हाल सम्म लिनु भएको मौद्रिक सेवा सुविधा तथा प्रोत्साहन भत्ताको ५०% रकम गाउँपालिकामा फिर्ता गर्नु पर्नेछ।

**१४. नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार:**

यस ऐनको उद्देश्य पूर्तिका लागि स्थानीय सरकारले आवश्यक नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तर्जुमा गरी लागु गर्न सक्नेछ।

**१५. ऐनको संशोधन:**

यस ऐनमा उल्लेखित विषयहरु संशोधन गर्नु परेमा प्रचलित प्रकृया बमोजिम गाउँसभाले संशोधन गर्न सक्नेछ।

**१६. बचाउ:**

यो ऐन लागू हुनु भन्दा अगाडी यस ऐन आकर्षित हुने गरी गाउँपालिकाले जारी गरेको कार्यविधि, निर्देशिकाहरु तथा सो कार्यविधि, निर्देशिका बमोजिम उपलब्ध गराइएको सेवा, सुविधाहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

**प्रमाणीकरण मिति: २०७९/१२/११**

**आज्ञाले**
**सुमन लिङदेन (लिम्वु)**
**प्रमुख प्रशासकीय अधिकृत**